# लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## भल्का, कैलाली

## सुदूरपश्चिम प्रदेश, नेपाल

### करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना

### (प्रथम पटक प्रकाशित मिति २०८२।०९।२९)

प्रस्तुत विषयमा यस लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि निम्नानुसारका कर्मचारीहरु आवश्यक परेको हुँदा तोकिए बमोजिमको पदहरुमा सेवा करार मार्फत पदपूर्ति गर्ने लम्कीचुहा नगरपालिकाको मिति २०८२।०९।२८ गतेको १६ औँ नगरसभा बैठकको निर्णयानुसार तपशील बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नहुन अनुरोध छ।

| क्र?सं. | विज्ञापन नं. | पद | संख्या | तह/श्रेणी |
|---|---|---|---|---|
| १ | ०८/०८२/०८३ | जनस्वास्थ्य अधिकृत | १ | स्थानीय तहको अधिकृत सातौँ तह वा सो सरह |
| २ | ०९/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | १ | स्थानीय तहको सहायक पाँचौ तह वा सो सरह |
| ३ | १०/०८२/०८३ | अ.हे.व. | १ | स्थानीय तहको सहायक चौँथो तह वा सो सरह |
| ४ | ११/०८२/०८३ | नगर प्रहरी जवान | ३ | श्रेणी बिहिन वा सो सरह |
| ५ | १२/०८२/०८३ | कार्यालय सहयोगी | ३ | श्रेणी बिहिन वा सो सरह |
| ६ | १३/०८२/०८३ | ग्रेडर चालक | १ | श्रेणी बिहिन वा सो सरह |
| ७ | १४/२०८२/०८३ | ब्याकहोलोडर चालक | १ | श्रेणी बिहिन वा सो सरह |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव:**

क. **जनस्वास्थ्य अधिकृतका लागि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य संकायमा स्नातक तह (BPH) उतीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता वा नविकरण भएको।

ख. **मनोसामाजिक परामर्शकर्ताका लागि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्क/स्वास्थ्य शिक्षा विषयमा कम्तिमा स्नातक तह उतीर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उतीर्ण गरेको।
मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।

ग. **अ.हे.व. का लागि:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उतीर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको।

घ. **नगर प्रहरी जवानका लागि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आठ कक्षा उतीर्ण गरेको।

ङ. **कार्यालय सहयोगीका लागि:** साधारण लेखपढ गर्न जान्ने।

च. **ग्रेडर चालकका लागि:** साधारण लेखपढ गर्न जान्ने र नेपाल सरकारद्वारा ग्रेडर चालक (J3 Category) को चालक अनुमती प्राप्त गरेको।

छ. **ब्याकहोलोडर चालकका लागि:** साधारण लेखपढ गर्न जान्ने र नेपाल सरकारद्वारा ब्याकहोलोडर चालक (J2 Category) को चालक अनुमती प्राप्त गरेको।

**२. थप योग्यता**

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको।

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश नेपाल

ख. अदालतबाट मानव अधिकार हननमा कसूरदार नठहरिएको।

ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको।

३. **नगर प्रहरीका लागिः**

**क. उचाई छाति र तौलः** -पुरुष : उचाई घटिमा ५ फिट २ ईन्च छाति ३१-३३ ईन्च र तौल ५० के जि

-महिला : उचाई घटिमा ५ फिट र तौल ४२ के जि

**ख.** नेपाल सरकारको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

४. **उमेर हद :** नगर प्रहरीको हकमा १८ वर्ष उमेर पुरा भई २४ वर्ष ननाघेको तर भूतपूर्व नेपाल प्रहरी सशस्त्र प्रहरी र नेपाली सेनाको हकमा ४५ वर्ष ननाघेको साथै अन्य पदको हकमा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको।

५. **दरखास्त पाइने र बुझाउने स्थानः** लम्कीचुहा नगरपालिका, भल्का कैलाली। दरखास्त फाराम लम्कीचुहा नगरपालिकाको वेवसाइंट lamkichuha.mun.gov.np बाट समेत Download गर्न सकिन्छ।

६. **दरखास्त दस्तुरः** अधिकृत सातौं तहका लागि रु. १२००।-, सहायक पाँचौ तहका लागि रु. ७००।-, सहायक चौथो तहका लागि रु. ४००।-, श्रेणी विहिनका लागि रु. ३००।– मात्र।

७. **दरखास्त दिने अन्तिम मितिः** २०८२।१०।१३ गते कार्यालय समय भित्र। तर अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनसम्म।

८. **छनोट विधि :-**

| | |
|---|---|
| जनस्वास्थ्य अधिकृत | प्रारम्भिक योग्यता सूची, लिखित परिक्षा र अन्तर्वार्ता |
| मनोसामाजिक परामर्शकर्ता | प्रारम्भिक योग्यता सूची, लिखित परिक्षा, प्रयोगात्मक परिक्षा र अन्तर्वार्ता |
| अ.हे.व. | प्रारम्भिक योग्यता सूची, लिखित परिक्षा र अन्तर्वार्ता |
| नगर प्रहरी जवान | शारीरिक तन्दुरुस्ती परिक्षण, लिखित परिक्षा र अन्तर्वार्ता |
| कार्यालय सहयोगी | अन्तरवार्ता |
| ग्रेडर चालक र ब्याकहोलोडर चालक | प्रयोगात्मक परिक्षा र अन्तर्वार्ता |

९. **परीक्षा हुने मिति समय र स्थानः** पदपूर्ति समितिले सूचना प्रकाशन गरी तोके बमोजिम।

१०. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः-

क. नागरिकताको प्रमाण पत्र

ख. शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र र चारित्रिक प्रमाण पत्र

घ. अनुभव भए सो खुल्ने आवश्यक कागजात

ङ. ३ प्रति पासपोर्ट साईजको फोटो

च. भूतपूर्व नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनामा काम गरेको हकमा काम गरेको खुल्ने कागजात

छ. अन्य दर्ता प्रमाण पत्र वा अनुमति पत्र आवश्यक पर्ने भएमा सोही बमोजिमका प्रमाणपत्र।

११. **सेवा सुविधाः** प्रचलित कानून र नगर कार्यपालिकाले तोके बमोजिम

१२. **सम्पादन गर्नुपर्ने कार्यविवरणः** प्रचलित कानूनले तोके बमोजिम।

१३. रितपूर्वक पेश नभएका दरखास्त पदपूर्ति समितिले जुनसुकै बखत रद्द गर्न सक्नेछ।

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा: Website मा upload गर्नुहुन।

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत